**द टाइम्स माध्यमिक विद्यालय**
**डिल्लीबजार, काठमाडौं**
**प्रथम त्रैमासिक परीक्षाः २०८०**

कक्षाः ११ | समूह क | पूर्णाङ्क : ७५
सङ्कायः विज्ञान | विषय : नेपाली
समय : ३ घण्टा

*(सबै प्रश्नको उत्तर दिनुहोस् । मौलिक उत्तरलाई प्राथमिकता दिइने छ ।)*

**१.तल दिइएको अनुच्छेदमा रेखाङ्कित गरिएका वर्णहरूलाई उच्चारण स्थान र प्रयत्नका आधारमा छुट्याई लेख्नुहोस्।** (३)

भूकम्प आउँदा मानि**स**हरू अत्तालिन्छन् र जोगिने प्रयासमा **ग**ल्ती गर्छन् । कोही सोचविचार नगरी दौडिन थाल्छन् वा के गर्ने **भ**न्ने बिर्सेर अलमलमा पर्छन्।

**२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् ।** ३

दिल्लिबाट फर्केपछि त सुन्दरमा झन् बढि उदासीनता बढ्यो ? आमाले भन्नुभयो "यो कहिले को कुरा आमा" महिले सोधेँ ।

**३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको पदवर्ग पहिचान गरी लेख्नुहोस् ।२**

सडकको नयाँ ट्र्याक खोल्ने काममा लागेका **हामी** घामले आत्तिएर एकछिन खन्दै **एकछिन** सियाँलमा बस्दै **काम** गरिरहेका थियौं । तीन बजेतिर दक्षिणपूर्वबाट आकाश कालो भएर आयो **अनि** अचानक असिनापानी पऱ्यो ।

**४. तल दिइएका प्रश्नको उत्तर दिनुहोस् ।** (२ + २ = ४)

**(क) तल दिइएको अनुच्छेदबाट दुई दुईओटा तत्सम र आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् ।**

अखबारको पङ्क्तिबाट आँखा हटाएर मैले आगन्तुकपट्टि हेरेँ । उसका हातमा एउटा सादा लिफाफा र एक पाना कागज थियो । हल्ला मच्चाएर मेरो शान्ति भङ्ग गरिदिएको हुनाले आगन्तुकउपर मलाई अलिअलि रिस उठिराखेको थियो । झर्केर सोधेँ- "के बाबु बाबु चिच्याइरहेको ? को बाबुलाई खोज्छौ तिमी ।"

**(ख) तल दिइएका शब्दहरूलाई शब्दकोशीय क्रममा मिलाई लेख्नुहोस् ।**

विश्व, ज्ञानशाला, प्रेत, त्रिशूल

**५.** दिइएको अनुच्छेदबाट एउटा अनुकरणात्मक शब्द, एउटा उखान र एउटा टुक्का पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**(३)**

आफ्नो उमेर र पैसा भइन्जेल केही गर्नुपर्छ भनेर तातो लागेन अहिले सबैले साथ छोडे पछि बल्ल थाहा पाए । बुढापाकाले त्यसै भनेका हुन र छन गेडी सबै मेरी छैनन गेडी सबै टेडी भनेर । अहिले आएर आफूलाई कमजोर पारेर लऱ्याकलुरुक हुनु भन्दा जस्तालाई तस्तै ढिंडालाई निस्तै पो गर्न सक्नुपर्छ । अझै पनि घैँटामा घाम लागेन भने जिन्दगीभरि मुसुक्क मुस्कुराउन पाइने छैन

६. तल दिइएका प्रश्नको उत्तर दिनुहोस् । (२+२=४)

**(क) तलको अनुच्छेदबाट दुई दुई उपसर्ग र प्रत्यय लागेका शब्दहरू खोजी निर्माण प्रक्रिया पनि देखाउनुहोस् :**

प्रमुख राजनैतिक दलहरूले गैरजिम्मेवारी बनेर देशलाई अनिर्णयको बन्दी बनाउनु हुँदैन । दलीय कर्तव्यलाई बुझेर सकेसम्म चाँडै नै निकाश दिने काममा केन्द्रित हुनु जरूरी छ ।

**(ख) तल दिइएको अनुच्छेदबाट दुईओटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस् र दुईओटा द्वित्व शब्द पहिचान गरी दोहोरिएको अंश छुट्याउनुहोस् :**

दिनभर साहुको काम गरेर पनि हातमुख जोर्न धौधौ हुने मानिसहरूका पक्षमा कसैले आवाज उठाउँदैन। जीवन र मृत्युको दोसाँधमा बाँचेका त्यस्ता मानिसहरूले ससाना समस्या पनि आफैं समाधान गर्न सक्तैनन् । समाजको अदलीबदली जरुरी भइसकेको छ अनि मात्र लालुपाते मन मनमा फुल्छ ।

**७. तल दिइएका प्रश्नको उत्तर दिनुहोस् ।** (४)

**(क) दिइएको अनुच्छेदलाई स्त्रीलिङ्गमा परिवर्तन गर्नुहोस् :**

उनी बजार गए । उनले त्यहाँ साथीहरूलाई भेटे । साथीहरूसँग धेरै बेर कुराकानी गरे । कुराकानीकै क्रममा उनले समय बितेको पत्तै पाएनन् ।

**(ख) दिइएका अनुच्छेदलाई तृतीय पुरुषमा परिवर्तन गर्नुहोस् :**

मैले यसपालि परीक्षामा राम्रो लेखें । म यसपालि गाउँ पनि जाने हो । म गाउँबाट कोसेली ल्याउँछु । हजुरलाई पनि दिन्छु ।

**८) कुनै एक प्रश्नको उत्तर दिनुहोस् । (४)**

**(क) तल दिइएको अनुच्छेदका वाक्यलाई आवश्यक सुधार सहित सामान्य भूतकालमा परिवर्तन गर्नुहोस् :**

उनीहरु ज्ञानी भएर पढ्छन् । उनीहरु दिनरात मिहिनेत गर्छन् । उनीहरु कक्षा सबैलाई जितेर प्रथम हुन्छन् । उनीहरु भविष्यमा योग्य नागरिक बन्छन् ।

**(ख) तल दिइएको अनुच्छेदका वाक्यलाई अकरणमा बदलेर लेख्नुहोस् :**

उनीहरू पोखरा भ्रमण गए । रमाइलो गरे । घाद्रुकसम्म पनि पुगेछन् । उनीहरू सधैं जाने गर्छन् ।

**९. तलका दुईवटै प्रश्नको उत्तर दिनुहोस् :**

**(क) दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :** ४

भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानहरू बन्द भएपछि सञ्चालन खर्च पनि उठाउन गाह्रो भएको अधिकारीहरूले स्वीकारेका छन् । जजिरा एयरवेजले कुवेतका लागि र हिमालय एयरलाइन्सले सिङ्गापुरका लागि उडान गर्दै आएकोमा ती दुवैले डिसेम्बर तेस्रो सातादेखि उडान स्थगित गरेका हुन्। जजिरा एयरवेजले विमानस्थल उद्घाटनको दिन अर्थात् जेठ २ गतेदेखि नै सातामा तीनवटा उडान गर्दै आएको थियो। विमानस्थलका महाप्रबन्धक गोविन्द दाहालका अनुसार हिमालय एअरलाइन्सले चाहिँ डेढ महिना जति त्यहाँबाट सिङ्गापुरका लागि उडान गरेको थियो। जजिराले मौसम लगायतका कारण उडान बन्द गरेको भनेको छ। कारण त अरू पनि होलान्, तर हामीलाई त्यति मात्र भनेका छन् । उनका अनुसार कम भिजिबिलिटीका कारण अहिले बाहिरबाट चार्टर उडानहरू समेत आउन नसकेको अवस्था छ। कहिलेदेखि फेरि अन्तर्राष्ट्रिय उडान सुरू हुन्छ भन्ने कुरा किटेर भन्न सक्ने अवस्था नरहेको महाप्रबन्धक दाहालले बताए। सुरुसुरुमा विभिन्न अन्तर्राष्ट्रिय वायुसेवा प्रदायक कम्पनीहरूले चासो देखाए पनि अहिले त्यस्तो अवस्था नरहेको उनले स्वीकारे। एसियाली विकास बैंकको ऋण र ओपेक फन्ड तथा नेपाल सरकारसहितको लगानीमा करिब साढे नौ अर्ब रुपैयाँमा उक्त विमानस्थल निर्माण भएको हो तर सञ्चालनमा आएको आठ महिना बितिसक्दा पनि विमानस्थललाई सञ्चालन खर्चै उठाउन मुस्किल परिरहेको छ। महाप्रबन्धक दाहालका अनुसार विमानस्थलबाट अन्तर्राष्ट्रिय र आन्तरिक उडान सञ्चालनका लागि मासिक औसतमा दुई करोड रुपैयाँ खर्च हुने गरेको छ।

**प्रश्नहरू :**

क) कुन कुन एयर लाइन्सले भैरहवा विमानस्थलबाट उडान स्थगित गरे?
ख) विमानको उडान स्थगित गर्नुको कारण के देखाएका छन् ?
ग) विमानस्थलको सञ्चालन खर्च उठाउन किन अप्ठ्यारो परेको होला ?
घ) **विमानस्थल** र **अन्तर्राष्ट्रिय** शब्दको अर्थ लेख्नुहोस् ।

**(ख) तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् ।** ४

मुलुकमा रहेको बेरोजगार एवम् अनुत्पादक श्रम शक्तिलाई उनीहरूको योग्यता, सिप तथा दक्षता अनुरूप अन्य विभिन्न मुलुकमा रोजगारीका लागि पठाई उनीहरूमार्फत वैदेशिक विप्रेषण आय, सिप, प्रविधि र अनुभव स्वदेशमा भित्र्याइन्छ । नेपालको अर्थव्यवस्थामा वैदेशिक रोजगारीको योगदान उल्लेखनीय रहेको छ । विगतको द्वन्द्वको समयमा अर्थतन्त्रका आन्तरिक पक्षहरू कृषि, उद्योग, व्यापार लगायतका क्षेत्रहरूमा नकारात्मक असर परेको अवस्थामा समेत वैदेशिक रोजगारीले निरन्तर टेवा पुऱ्याए तापनि दक्ष कामदार १.५ प्रतिशत, २४ प्रतिशत अर्धदक्ष र ७४.५ प्रतिशत अदक्ष जनशक्ति विदेशिने हुँदा नेपालले यसबाट पूर्ण लाभ लिन सकिरहेको छैन । नेपाली कामदारको मुख्य गन्तव्यका रूपमा कतार, मलेसिया, बहराइन, साउदी अरेविया, संयुक्त अरब इमिरेट्स र कुवेत रहेका छन् । वैदेशिक रोजगार विकासको दीर्घकालीन स्रोत होइन । मुलुकभित्रै कृषि क्षेत्रको आधुनिकीकरण एवम् व्यवसायीकरण, उद्योग क्षेत्रको विकास र बिस्तार तथा विविध स्वरोजगारीका अवसर सिर्जनामार्फत बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य गरी दक्ष एवम् सिपयुक्त जनशक्तिलाई मात्र वैदेशिक रोजगारीमा परिचालन गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गरेमा नेपालले आर्थिक विकासमा वैदेशिक रोजगारीबाट अधिकतम लाभ लिन सकिन्छ ।

(क) नेपालको अर्थतन्त्रका आन्तरिक पक्षहरू के के हुन् ?

(अ) व्यापार र जडीबुटी (आ) यातायात र शिक्षा (इ) स्वास्थ्य र रोजगार (ई कृषि र उद्योग

(ख) विप्रेषण शब्दको अर्थ कुन हो ?

(अ) रेमिट्यान्स (आ) तलब (इ) रोजगारी (ई) आम्दानी

(ग) नेपाली कामदारको मुख्य गन्तव्यका रूपमा कतार, मलेसिया, बहराइन, साउदी अरेविया, संयुक्त अरब इमिरेट्स र कुवेत रहेका छन् ।' भन्ने वाक्यमा 'गन्तव्य' कस्तो शब्द हो ?

(अ) उपसर्ग व्युत्पन्न (आ) प्रत्यय व्युत्पन्न (इ) समस्त शब्द (ई) द्वित्व शब्द

(घ) विकासको दीर्घकालीन स्रोत के हो ?

(अ) वैदेशिक रोजगारी (आ) सुरक्षित लगानी (इ) कृषिको आधुनिकीकरण (ई श्रम स्वीकृति

**१०. तलको अनुच्छेदबाट मुख्य मुख्य चार बुँदा टिपी एक तृतीयाशमा सारांश लेख्नुहोस् ।(२+२=४)**

सुरु सुरुमा इतिहास पनि साहित्यकै एक अङ्गका रूपमा मानिएको थियो । मानिसहरूलाई आनन्द दिलाउने तथा मनोरञ्जन प्रदान गर्ने साधनका रूपमा यसको प्रयोग गरिन्थ्यो । इतिहासका सत्य घटनालाई बढीभन्दा बढी रोचक बनाउन अनेक काल्पनिक कुरा समावेश गरिन्थ्यो । यसले गर्दा इतिहासको वास्तविकता के हो, पहिल्याउनसमेत गाह्रो पर्थ्यो । इसापूर्व पाँचौं शताब्दीतिरका केही चिन्तकहरू इतिहासलाई तथ्यपूर्ण बनाउन प्रयत्नशील थिए । ग्रिक विद्वान् हेरोडोटसको नाम यस प्रसङ्गमा विशेष उल्लेखनीय छ । उनी इतिहासका प्रथम सिद्धान्तकारका रूपमा पनि चिनिन्छन् । हेरोडोटसपछि थुप्रै विद्वान्हरूले इतिहासलाई कथा र दन्त्यकथाभन्दा अलग ढङ्गले लेख्ने प्रयत्न गरे । हेरोडोटसकै अनुयायी थ्युसिडाइसले पेलोपोनेसियन युद्धको इतिहास आफ्नै व्यक्तिगत अवलोकन र प्रत्यक्षदर्शीको बयानका आधारमा तयार पारेका थिए । अरिस्टोटलले इतिहासलाई दार्शनिक चिन्तनका रूपमा लिएका थिए । मध्यकालमा आएर युरोपमा इतिहासलाई धर्मसँग गाँसेर अध्ययन र परिभाषित गर्ने परिपाटी विकास भयो । सोरौं सत्रौं शताब्दीमा युरोपमा आएको पुनर्जागरणले भने इतिहास लेखनमा ठुलै परिवर्तन ल्यायो । यस युगमा आएको परिवर्तनले गर्दा फेरि विद्वान्हरूले इतिहास लेखनलाई तथ्यपूर्ण बनाउन थाले । आधुनिक युगमा इतिहास लेखनको वैज्ञानिक पद्धतिको विकास भयो । यस युगमा प्राचीन इतिहासको खोजीको प्रक्रिया पनि तीव्र भयो र इतिहास एउटा छुट्टै विधाका रूपमा स्थापित भयो ।

**११. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् ।** ४

(क) दिगो विकासको निम्ति पर्यावरण मैत्री सडक निर्माण गर्न आवश्यकता छ भन्ने कुरा उल्लेख गर्दै बैतडीमा रहेको आफ्नो साथी चिठी लेख्नुहोस् ।

(ख) विद्यालयबाट प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्न आफू उपयुक्त रहेको जानकारी गराउँदै विद्यालयका प्राचार्यलाई पेस गरिने निवेदन तयार पार्नुहोस् ।

**१२. 'कम्प्युटर शिक्षाको आवश्यकता'** शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् । (४)

अथवा

**'युवावर्गमा दुर्व्यसनको समस्या'** शीर्षकमा १२५ शब्दसम्मका टिप्पणी लेख्नुहोस् ।

**१३. पछिल्लो समय युवावर्ग अध्ययनभन्दा पनि सामाजिक सञ्जालमा मात्र समय बढी बिताएरको देखिन्छ त्यसैले यसलाई सुधार गरी युवावर्गलाई अध्ययनतर्फ आकर्षित गर्न के गर्नुपर्ला ? आफ्नो प्रतिक्रिया दिनुहोस् । -४**

**१४. तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।** (४+४=८)

**(क) दिइएको कविता पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**

डिगर्चामा डोब तिम्रो चिसो हिउँभित्र होला
वेत्रावती किनारभरि पौरखको चिनो होला
वीर पुर्खा ! तिमीलाई मितेरीले मात्रै बाँध्यो
सागर तरी संसारभरि वीर गोर्खा रगत बग्यो ।

**प्रश्नहरू :**

(अ) वीर पुर्खाहरूलाई गौरव गर्न सकिने आधार के के हुन् ?

(आ) 'सागर तरी संसारभरि वीर गोर्खा रगत बग्यो ।' यस कथनको तात्पर्य के हो ?

**(ख) दिइएको कथांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।**

"त्यही कुराको खुसी छ; हिम्मत त किन हारिन्थ्यो र ! अरे, एक साल भएन त अर्को साल कहाँ जाला ! जब उतर गए रण पे तो पिछे हटना क्यौं ? तर एउटा कुराको दुःख छ भाइ ! यस्तो बेलामा, किसुन भाइ ! तिमी पनि गाउँमा हुँदा हौ त हामीलाई धेरै आडभरोस मिल्थ्यो, बल मिल्थ्यो; आखिर हामी त मूर्ख र गँवार न हौं । तिमी लेखपढ गरेको मान्छे । तिमी भन्या गाउँको अभिमान हौ, हाम्रो इज्जत हौ । तर तिमी पनि परदेशी भइदिंदा गाउँ मालिकहरूको एकलौटी रजाइँमा पर्छ...।"

**प्रश्नहरू :**

(अ) परिछनले किन आफूहरूलाई मूर्ख र गँवार भनेको हो ?

(आ जब उतर गए रण पे तो पिछे हटना क्यौं भन्नुको तात्पर्य के हो ?

**१५. तल दिइएका मध्ये कुनै एक प्रश्नको समीक्षात्मक उत्तर लेख्नुहोस् ।** ८

(क) 'वीर पुर्खा' कवितामा नेपाली वीर पुर्खाको कस्तो वीरता एवम् योगदानलाई उल्लेख गरिएको छ ? कविताका आधारमा समीक्षात्मक उत्तर लेख्नुहोस् ।

ख) गाउँको माया कथाले कस्तो सन्देश दिन खोजेको छ ? पाठको आधारमा समीक्षा गर्नुहोस्।

**१६. तल दिइएका मध्ये कुनै एक शीर्षकमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् ।** ८

(क) देश विकासको आधार, (ख) प्राविधिक शिक्षाको आवश्यकता (ग) देशको राजधानी

**समाप्त**

| | | |
|---|---|---|
| The Times INT'L COLLEGE | **द टाइम्स माध्यमिक विद्यालय**<br>**डिल्लीबजार, काठमाडौँ**<br>**प्रथम त्रैमासिक परीक्षा: २०८०** | |
| कक्षा: ११ | समूह **ख** | पूर्णाङ्क : ७५ |
| सङ्काय: विज्ञान | | विषय : नेपाली |
| समय : ३ घण्टा | | |

*(सबै प्रश्नको उत्तर दिनुहोस् । मौलिक उत्तरलाई प्राथमिकता दिइने छ ।)*

**१.तल दिइएको अनुच्छेदमा रेखाङ्कित गरिएका वर्णहरूलाई उच्चारण स्थान र प्रयत्नका आधारमा छुट्याई लेख्नुहोस्।** (३)

**य**स वर्षको नोबेल शान्ति पु**र**स्कार इरा**न**की नर्गिस मोहम्मदीले पाएकी छिन् ।

**२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् ।** ३

त्यो तृस्णा, त्यो अनन्तकालिन पर्तीक्षा, त्यो दिनहुको अभ्भेस्त निरासाको धक्का त्यस्को शासमा मिसिइसकेको थियो ।

**३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको पदवर्ग पहिचान गरी लेख्नुहोस् । २**

अत्यधिक जनसङ्ख्या वृद्धि, वातावरणीय सन्तुलनको अभावमा **अत्यधिक** वर्षा **तथा** खडेरी पर्न सक्छ । यस विषयमा **हामी** मानवले सजग र सचेत **भएर** सोच्न जरुरी छ ।

**४. तल दिइएका प्रश्नको उत्तर दिनुहोस् ।** (२ + २ = ४)

**(क) तल दिइएको अनुच्छेदबाट दुई दुईओटा तत्सम र आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् ।**

विज्ञान र प्रविधिको विकाससँगै कम्प्युटर पसल मात्र होइन मोबाइल र अनलाइन कारोबार गर्ने स्थलहरू बढेका छन् ।

**(ख) तल दिइएका शब्दहरूलाई शब्दकोशीय क्रममा मिलाई लेख्नुहोस् ।**

ऐना, ऋषि, ओखर, अंश

**५.** दिइएको अनुच्छेदबाट एउटा अनुकरणात्मक शब्द, एउटा उखान र एउटा टुक्का पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् : **३**

आफ्नो उमेर र पैसा भइन्जेल केही गर्नुपर्छ भनेर तातो लागेन अहिले सबैले साथ छोडे पछि बल्ल थाहा पाए । बुढापाकाले त्यसै भनेका हुन र छन गेडी सबै मेरी छैनन गेडी सबै टेडी भनेर । अहिले आएर आफूलाई कमजोर पारेर लऱ्याकलुरुक हनु भन्दा जस्तालाई तस्तै ढिंडालाई निस्तै पो गर्न सक्नुपर्छ । अझै पनि घैंटामा घाम लागेन भने जिन्दगीभरि मुसुक्क मुस्कुराउन पाइने छैन

**६.** तल दिइएका प्रश्नको उत्तर दिनुहोस् । (२+२=४)

**(क) तलको अनुच्छेदबाट दुई दुई उपसर्ग र प्रत्यय लागेका शब्दहरू खोजी निर्माण प्रक्रिया पनि देखाउनुहोस् :**

देश छोडेर विदेश गएर विदेशी बनेका मानिसलाई नेपालमा बसेका नेपालीले नेपालको सौन्दर्य हेर्नलाई फेरि स्वागत गर्ने कुरा सुन्दा नै हाँसो उठ्छ ।

**(ख) तल दिइएको अनुच्छेदबाट दुईओटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस् र दुईओटा द्वित्व शब्द पहिचान गरी दोहोरिएको अंश छुट्याउनुहोस् :**

दिनभर साहुको काम गरेर पनि हातमुख जोर्न धौधौ हुने मानिसहरूका पक्षमा कसैले आवाज उठाउँदैन । जीवन र मृत्युको दोसाँधमा बाँचेका त्यस्ता मानिसहरूले ससाना समस्या पनि आफैं समाधान गर्न सक्तैनन् । समाजको अदलीबदली जरुरी भइ सकेको छ अनि मात्र लालुपाते मन मनमा फुल्छ ।

**७.** तल दिइएका **प्रश्न**को उत्तर दिनुहोस् । (४)

**(क) दिइएका अनुच्छेदलाई तृतीय पुरुषमा परिवर्तन गर्नुहोस् :**

मैले यसपालि परीक्षामा राम्रो लेखेँ । म यसपालि गाउँ पनि जाने हो । म गाउँबाट कोसेली ल्याउँछु । हजुरलाई पनि दिन्छु ।

**(ख) दिइएको अनुच्छेदलाई स्त्रीलिङ्गमा परिवर्तन गर्नुहोस् :**

उनी बजार गए । उनले त्यहाँ साथीहरूलाई भेटे । साथीहरूसँग धेरै बेर कुराकानी गरे । कुराकानीकै क्रममा उनले समय बितेको पत्तै पाएनन् ।

**८.कुनै एक प्रश्नको उत्तर दिनुहोस् । (४)**

(क) **तल दिइएको अनुच्छेदका वाक्यलाई अकरणमा बदलेर लेख्नुहोस् :**

उनीहरू पोखरा भ्रमण गए । रमाइलो गरे । घाट्कसम्म पनि पुगेछन् । उनीहरू सधैं जाने गर्छन् ।

**(ख) तल दिइएको अनुच्छेदका वाक्यलाई आवश्यक सुधार सहित सामान्य भूतकालमा परिवर्तन गर्नुहोस् :**

उनीहरु ज्ञानी भएर पढ्छन् । उनीहरु दिनरात मिहिनेत गर्छन् । उनीहरु कक्षा सबैलाई जितेर प्रथम हुन्छन् । उनीहरु भविष्यमा योग्य नागरिक बन्छन् ।

**९. तलका दुईवटै प्रश्नको उत्तर दिनुहोस् :**

**(क) दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :** ४

भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानहरू बन्द भएपछि सञ्चालन खर्च पनि उठाउन गाह्रो भएको अधिकारीहरूले स्वीकारेका छन् । जजिरा एयरवेजले कुवेतका लागि र हिमालय एयरलाइन्सले सिङ्गापुरका लागि उडान गर्दै आएकोमा ती दुवैले डिसेम्बर तेस्रो सातादेखि उडान स्थगित गरेका हुन्। जजिरा एयरवेजले विमानस्थल उद्घाटनको दिन अर्थात् जेठ २ गतेदेखि नै सातामा तीनवटा उडान गर्दै आएको थियो। विमानस्थलका महाप्रबन्धक गोविन्द दाहालका अनुसार हिमालय एअरलाइन्सले चाहिँ डेढ महिना जति त्यहाँबाट सिङ्गापुरका लागि उडान गरेको थियो। जजिराले मौसम लगायतका कारण उडान बन्द गरेको भनेको छ । कारण त अरू पनि होलान्, तर हामीलाई त्यति मात्र भनेका छन् । उनका अनुसार कम भिजिबिलिटीका कारण अहिले बाहिरबाट चार्टर उडानहरू समेत आउन नसकेको अवस्था छ। कहिलेदेखि फेरि अन्तर्राष्ट्रिय उडान सुरू हुन्छ भन्ने कुरा किटेर भन्न सक्ने अवस्था नरहेको महाप्रबन्धक दाहालले बताए। सुरुसुरुमा विभिन्न अन्तर्राष्ट्रिय वायुसेवा प्रदायक कम्पनीहरूले चासो देखाए पनि अहिले त्यस्तो अवस्था नरहेको उनले स्वीकारे। एसियाली विकास बैंकको ऋण र ओपेक फन्ड तथा नेपाल सरकारसहितको लगानीमा करिब साढे नौ अर्ब रुपैयाँमा उक्त विमानस्थल निर्माण भएको हो तर सञ्चालनमा आएको आठ महिना बितिसक्दा पनि विमानस्थललाई सञ्चालन खर्चै उठाउन मुस्किल परिरहेको छ। महाप्रबन्धक दाहालका अनुसार विमानस्थलबाट अन्तर्राष्ट्रिय र आन्तरिक उडान सञ्चालनका लागि मासिक औसतमा दुई करोड रुपैयाँ खर्च हुने गरेको छ।

**प्रश्नहरू :**

क) कुन कुन एयर लाइन्सले भैरहवा विमानस्थलबाट उडान स्थगित गरे?

ख) विमानको उडान स्थगित गर्नुको कारण के देखाएका छन् ?

ग) विमानस्थलको सञ्चालन खर्च उठाउन किन अप्ठ्यारो परेको होला ?

घ) **भिजिबिलिटी** र **प्रदायक** शब्दको अर्थ लेख्नुहोस् ।

**(ख) तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् ।** ४

मुलुकमा रहेको बेरोजगार एवम् अनुत्पादक श्रम शक्तिलाई उनीहरूको योग्यता, सिप तथा दक्षता अनुरूप अन्य विभिन्न मुलुकमा रोजगारीका लागि पठाई उनीहरूमार्फत वैदेशिक विप्रेषण आय, सिप, प्रविधि र अनुभव स्वदेशमा भित्र्याइन्छ । नेपालको अर्थव्यवस्थामा वैदेशिक रोजगारीको योगदान उल्लेखनीय रहेको छ । विगतको द्वन्द्वको समयमा अर्थतन्त्रका आन्तरिक पक्षहरू कृषि, उद्योग, व्यापार लगायतका क्षेत्रहरूमा नकारात्मक असर परेको अवस्थामा समेत वैदेशिक रोजगारीले निरन्तर टेवा

पुऱ्याए तापनि दक्ष कामदार १.५ प्रतिशत, २४ प्रतिशत अर्धदक्ष र ७४.५ प्रतिशत अदक्ष जनशक्ति विदेशिने हुँदा नेपालले यसबाट पूर्ण लाभ लिन सकिरहेको छैन । नेपाली कामदारको मुख्य गन्तव्यका रूपमा कतार, मलेसिया, बहराइन, साउदी अरेविया, संयुक्त अरब इमिरेट्स र कुवेत रहेका छन् । वैदेशिक रोजगार विकासको दीर्घकालीन स्रोत होइन । मुलुकभित्रै कृषि क्षेत्रको आधुनिकीकरण एवम् व्यवसायीकरण, उद्योग क्षेत्रको विकास र बिस्तार तथा विविध स्वरोजगारीका अवसर सिर्जनामार्फत बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य गरी दक्ष एवम् सिपयुक्त जनशक्तिलाई मात्र वैदेशिक रोजगारीमा परिचालन गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गरेमा नेपालले आर्थिक विकासमा वैदेशिक रोजगारीबाट अधिकतम लाभ लिन सकिन्छ ।

(क) विप्रेषण शब्दको अर्थ कुन हो ?

(अ) रेमिट्यान्स (आ) तलब (इ) रोजगारी (ई) आम्दानी

(ख) नेपालको अर्थतन्त्रका आन्तरिक पक्षहरू के के हुन् ?

(अ) व्यापार र जडीबुटी (आ) यातायात र शिक्षा (इ) स्वास्थ्य र रोजगार (ई कृषि र उद्योग

(ग) विकासको दीर्घकालीन स्रोत के हो ?

(अ) वैदेशिक रोजगारी (आ) सुरक्षित लगानी (इ) कृषिको आधुनिकीकरण (ई श्रम स्वीकृति

(घ) नेपाली कामदारको मुख्य गन्तव्यका रूपमा कतार, मलेसिया, बहराइन, साउदी अरेविया, संयुक्त अरब इमिरेट्स र कुबेत रहेका छन् ।' भन्ने वाक्यमा 'गन्तव्य' कस्तो शब्द हो ?

(अ) उपसर्ग व्युत्पन्न (आ) प्रत्यय व्युत्पन्न (इ) समस्त शब्द (ई) द्वित्व शब्द

**१०. तलको अनुच्छेदबाट मुख्य मुख्य चार बुँदा टिपी एक तृतीयाशमा सारांश लेख्नुहोस् ।(२+२=४)**

भर्खरै वैज्ञानिकहरूले कमिलाले मुसामा क्यान्सर पत्ता लगाउन सक्छन् भन्ने कुरा पत्ता लगाएका छन्। कमिलालाई १० मिनेटमा नै मुसाको पिसाबमा क्यान्सरको गन्ध थाहा पाउन तालिम दिन सकिन्छ, उक्त शोधका मुख्य लेखक बाटिस्ट पिकरेले भने। उनले सन् २०१७ बाट त्यसबारे अध्ययन थालेका थिए र उनले कमिलालाई स्वस्थ जीवकोष र प्रयोगशालामा हुर्काइएका क्यान्सरकोषबिच रहेको भिन्नता छुट्याउन तालिम दिएका थिए। तर उनको समूह अहिले एउटा उपलब्धि हात पारेको छ । उक्त अनुसन्धानमा 'जेनोग्राफ्टिङ' विधि प्रयोग गरेर मान्छेमा हुने स्तन क्यान्सरका कोषहरू मुसामा प्रत्यारोपण गरेर र तिनलाई हुर्किन दिएका थिए। उनीहरूले स्वस्थ र क्यान्सर सरेका दुवै खालका मुसाबाट नमुना सङ्कलन गरेका थिए।तालिमको समयमा हामीले कमिलालाई एउटा गोलाकार क्षेत्रमा राखिदियौँ र तिनलाई लोभ्याउनका लागि क्यान्सर लागेको मुसाको पिसाबको छेउमा चारा राखिदियौँ। चारा फेला पारेपछि कमिलाहरूले क्यान्सर कोषबाट उत्पन्न गन्ध र चाराको सम्बन्ध बुझ्छन् अनि त्यस्तो गन्धलाई चिन्न थाल्छन्।कोषहरू कारखानाजस्तै हुन्। तिनलाई बाँच्न पोषक तत्त्व चाहिन्छ र तिनले अवशेष फाल्छन्। क्यान्सरयुक्त कोषहरूले निकाल्ने अवशेषको गन्ध पत्ता लगाउन सकिन्छ, पिकरेले भने। यो अध्ययनले क्यान्सर गराउने कोषमा हुने विशिष्ट खालका अस्थिर प्राङ्गारिक यौगिकहरू हुने र तिनलाई कसरी पिसाब वा सासमा पहिचान गर्न सकिन्छ भनेर व्याख्या गरेको छ। वैज्ञानिकहरूका अनुसार तालिमको क्रममा खानेकुरा हटाइदिएपछि पनि कमिलाहरू क्यान्सरकोष भएका पिसाबका नमुनामा लामो समयसम्म बसेको पाइएको थियो।

**११. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् ।** **४**

(क) विद्यालयबाट प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्न आफू उपयुक्त रहेको जानकारी गराउँदै विद्यालयका प्राचार्यलाई पेस गरिने निवेदन तयार पार्नुहोस् ।

(ख दिगो विकासको निम्ति पर्यावरण मैत्री सडक निर्माण गर्न आवश्यकता छ भन्ने कुरा उल्लेख गर्दै बैतडीमा रहेको आफ्नो साथी चिठी लेख्नुहोस् ।

**१२. १२. 'कम्प्युटर शिक्षाको आवश्यकता'** शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् । (४)

अथवा

**'युवावर्गमा दुर्व्यसनको समस्या'** शीर्षकमा १२५ शब्दसम्मका टिप्पणी लेख्नुहोस् ।

**१३. राजनीति भनेको पैसा कमाउने पेसा होइन जनताको अधिकार र स्वतन्त्रताको लागि गरिने समाजसेवा हो भन्ने मान्यता कसरी स्थापित गर्न सकिन्छ होला? आफ्नो प्रतिक्रिया दिनुहोस् । -४**

**१४. तलका प्रश्नको उत्तर दिनुहोस् ।** (४+४=८)

**(क) दिइएको कविता पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**

डिगर्चामा डोब तिम्रो चिसो हिउँभित्र होला<br>
वेत्रावती किनारभरि पौरखको चिनो होला<br>
वीर पुर्खा ! तिमीलाई मितेरीले मात्रै बाँध्यो<br>
सागर तरी संसारभरि वीर गोर्खा रगत बग्यो ।

**प्रश्नहरू :**

(अ) वीर पुर्खाहरूलाई गौरव गर्न सकिने आधार के के हुन् ?

(आ) 'सागर तरी संसारभरि वीर गोर्खा रगत बग्यो ।' यस कथनको तात्पर्य के हो ?

**(ख) ) दिइएको कथांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।**

खोलो अचेल फेरि गाउँतिर सोझिएको रहेछ । यो खोलाले पनि गाउँलाई धुरुक्कै रुवायो । हुन त रुवायो मात्रै भन्नु खोलाप्रति अन्याय ठहर्ला । यो खोलाले गाउँलाई पालेको पनि छ । हाम्रो विगतको लगभग आधा उमेर यही खोलाको डिल र बगरहरूमा बितेको थियो । कहिले ओरहा खाने निहुँमा त कहिले गाईभैँसी चराउने निहुँमा । खोलामा बाढी आएको बेला हामी गाईको पुच्छर समाएर बाढी तर्ने गर्थ्यौँ अथवा यस्तो बेलामा हामी खोलाको किनारमा बसेर बाढीको आनन्द लुट्थ्यौँ । तर्न डराउने कोही मानिस आए भने हामी तीनचार जना एकअर्काको हात समाउँदै बाढीमा हेलिन्थ्यौँ र किनारमा पर्खिरहेको मानिसलाई तारिदिन्थ्यौँ र यस्तो काममा खास गरी परिछनकै विशेष रुचि थियो । "यहींनिर कुवा छ, गए सालको वर्षामा मूल फुटेको एकदम चिसो र मिठो पानी छ ।" ऊ पानी लिएर आइसकेको थियो ।

**प्रश्नहरू :**

(अ) खोलाले रुवायो भन्ने कुरा मात्र गर्दा कसरी अन्याय हुन्छ ?

(आ) 'म' पात्रका खोलासँगका बालअनुभूति कस्ता छन् ?

**१५. तल दिइएका मध्ये कुनै एक प्रश्नको समीक्षात्मक उत्तर लेख्नुहोस् ।** ८

(क) 'वीर पुर्खा' कवितामा नेपाली वीर पुर्खाको कस्तो वीरता एवम् योगदानलाई उल्लेख गरिएको छ ? कविताका आधारमा समीक्षात्मक उत्तर लेख्नुहोस् ।

ख) गाउँको माया कथाले कस्तो सन्देश दिन खोजेको छ ? पाठको आधारमा समीक्षा गर्नुहोस्।

**१६. तल दिइएका मध्ये कुनै एक शीर्षकमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् ।** **८**

(क) विकासका लागि श्रम, (ख) पृथ्वीको उत्पत्ति सम्बन्धी मान्यता, (ग) साहित्यको महत्त्व,

**समाप्त**